श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

सर्वोच्च अदालत
काठमाडौं

रामशाहपथ, काठमाडौं
: ४२००७२१, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं.

## प्रेस विज्ञप्ती

मिति २०७६ साल फागुन ३० गते देशसञ्चार डटकम अनलाईनमा प्रकाशित **"दैनिक पाँच हजार जम्मा हुने अदालतमा कोरोनाबाट बच्ने उपाय: भित्तामा सूचना मात्रै !"** शिर्षकको समाचार तथ्यमा आधारित नभएकोले यस्तो तथ्यहीन भ्रामक समाचारप्रति सर्वोच्च अदालतको गम्भिर ध्यानाकर्षण भएको छ। विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को सचेतनाका सम्बन्धमा यस अदालत र माताहतका सम्पूर्ण अदालतहरुले समयमै सचेतना अपनाई उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गरेको तथ्य सर्वविधितै छ। उक्त समाचारमा बेञ्चको काम कारबाही जस्तो संवेदनशील बिषयमा माननीय न्यायाधीशको मान मर्दन गर्ने र वैयक्तिक गोपनियतामा समेत असर पर्ने प्रकृतिको विषयमा सम्बन्धित माननीय न्यायाधीशको पूर्व स्वाकृति वा सहमति नलिई प्रकाशित समाचार तथ्यहीन भ्रामक र काल्पनिक भएकोले त्यस्तो समाचारमा कुनै सत्यता नरहेको व्यहोरा जानकारी गराउदछौं। सञ्चार माध्यमलाई आवश्यकता परेका बखत जुन सुकै समयमा पनि सर्वोच्च अदालतले सूचना प्रवाह गरिरहेकाले वास्तविक स्रोतलाई पुष्टि गरेर र व्यक्तिगत गोपनियतासँग सम्बन्धित सूचना सम्बन्धित व्यक्तिको सहमति वा स्वीकृति लिएरमात्र प्रकाशन गर्नुहुन सम्बन्धित सबै सञ्चार माध्यमहरुलाई अनुरोध समेत गर्दछौं ।

भद्रकाली पोखरेल
प्रवक्ता,
सर्वोच्च अदालत

२०७६ साल चैत्र ७ गते शुक्रबार
सर्वोच्च अदालत, काठमाडौं ।